मधेश भूमी दैनिक
सम्पर्क नं.
९८१९२३२७६४
९८४५४९६२८२
९८४५२५४२६४
विज्ञापनको लागि मात्र

जि.प्रशा.का.रौ.दर्ता नं. १०१
जि.हु.का.रौ.दर्ता नं.४/०७९/०८०

MADHESH BHUMI DAILY
# मधेश भूमी दैनिक
www.madheshbhumidaily.com






बर्ष २ | २०८१ श्रावण ४ गते शुक्रबार | 19 July 2024 Friday | मूल्य ५/- | पृष्ठ सङ्ख्या ४ | अंक ९०


## मधेस प्रदेशमा मन्त्रिपरिषद् विस्तार, रौतहटको जितेन्द्र भन्ने सुनिल यादव बन्ने अर्थ मन्त्री



**जनकपुरधाम,** ३ साउनः मधेस प्रदेशका मुख्यमन्त्री सतिश सिंहले मन्त्रिपरिषद् विस्तार गर्नुभएको छ । विस्तारीत मन्त्रीपरिषदमामा रौतहट ३ को ख बाट निर्वाचित प्रदेश सभा सदस्य जितेन्द्र भन्ने सुनिल कुमार यादव अर्थमन्त्रीको जिम्मेवारी पाउनु भएको छ ।

मुख्यमन्त्री सिंहको सिफारिसमा मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम शुक्रबार मन्त्रीपरिषदको पुनगठन गर्नुभएको छ । मुख्यमन्त्री सिंहले बिहिबार नेपाली कांग्रेसका प्रदेश सभा सदस्य सुनिल यादव अर्थमन्त्री, जनार्दन सिंह क्षेत्री भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री, शेषनारायण यादव ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री र कौशलकिशोर रायलाई श्रम तथा यातायातमन्त्री नियुक्त गर्नुभएको हो ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) एक मन्त्रालय लिएर मधेस प्रदेश सरकारमा सहभागी भएको छ । लोसपाबाट प्रमुख सचेतक रानी शर्मा तिवारी शिक्षा तथा संस्कृतिमन्त्री नियुक्त हुनुभएको छ । यसअघि उक्त मन्त्रालय एमालेका राजकुमार लेखीले सम्हाल्नु भएको थियो । उहाँलाई गृह, सञ्चार तथा कानुन मन्त्रालयको जिम्मेवारी दिइएको छ । शुक्रबार नै नेपाली कांग्रेसबाट चार र लोसपाका एक मन्त्रीले पद तथा गोपनीयताको शपथ लिनुभयो ।

नवनियुक्त मन्त्रीहरूलाई मधेस भवनमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले पद तथा गोपनीयताको सपथ गराउनुभएको थियो ।

बिहिबार विस्तारित तथा पुनगठित मन्त्रीपरिषदमा १५ जना मन्त्रीहरु रहेका छन् । जसमा सतिश कुमार सिंह मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सरोज कुमार यादव भौतिक पूर्वाधार विकास मन्त्रालय, जनार्दन सिंह क्षेत्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, रानी कुमारी तिवारी शिक्षा तथा संस्कृति मन्त्रालय, राज कुमार लेखि गृह, सञ्चार तथा कानुन मन्त्रालय, शत्रुधन प्रसाद सिंह स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सुनिल कुमार यादव अर्थ मन्त्रालय, प्रमोद कुमार जयसवाल खेलकुद तथा समाज कल्याण मन्त्रालय, त्रिभुवन साह वन तथा वातावरण मन्त्रालय, शेष नारायण यादव उर्जा, सिचाई तथा खानेपानी मन्त्रालय, सकिल अलि मियाँ उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, कौशल किशोर राय श्रम तथा यातायात मन्त्रालय, केशव राय राज्यमन्त्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शारदा देवी थापा राज्यमन्त्री शिक्षा तथा संस्कृति मन्त्रालय र रन्जु कुमारी मण्डल राज्य मन्त्री वन तथा वातावरण मन्त्रालयको मन्त्रीको जिम्मेवारीमा रहेका छन् ।

## मधेस प्रदेश लोकसेवा आयोग पदाधिकारी विहीन



**जनकपुरधाम,** ३ साउन : मधेस प्रदेश लोकसेवा आयोग लामो समयदेखि पदाधिकारीविहीन भएको छ ।

आयोगमा पदाधिकारी नहुँदा उद्देश्य तथा लक्ष्य अनुरुप काम गर्न नसकेको र कर्मचारी भर्ना एवं नियुक्तिलगायत काम ठप्प भएको छ । मधेस प्रदेश लोकसेवा आयोगका अध्यक्ष तथा सदस्य पद रिक्त रहेकाले सबै कार्य ठप्प भएको कर्मचारीहरुको भनाइ छ ।

आयोगमा तीन सदस्यीय पदाधिकारी प्रदेश सरकारले नियुक्त गर्ने व्यवस्था छ । त्यसमध्ये एक जना सदस्य डा सुजाता देव मात्र कार्यरत हुनुहुन्छ । आयोगका तत्कालीन अध्यक्ष सुरेन्द्रप्रसाद यादव तथा सदस्य महारुद्र झा उमेर हदका कारण छ महिना अगाडि पदमुक्त हुनुभएपछि आयोग पदाधिकारीविहीन भएको हो ।

आयोगमा पदाधिकारी मात्र होइन विसं २०८० मङ्सिर २१ गतेबाट सचिव पद पनि रिक्त छ । तत्कालीन सचिव नरेशराज खरेलको अन्यत्र सरुवा भएपछि नयाँ सचिव नआएको आयोग कार्यालयले जनाएको छ । पदाधिकारी र सचिव नहुँदा साउन १ गते आयोगले सार्वजनिक गर्ने कर्मचारी भर्नासम्बन्धी वार्षिक क्यालेण्डर प्रकाशन गर्न सकेको छैन ।

अध्यक्ष, सदस्य तथा सचिव नहुँदा नियमित प्रशासनिक कामबाहेक अन्य काम ठप्प भएको आयोगका प्रवक्ता तथा उपसचिव गणेश गुञ्जन झाले जानकारी दिनुभयो । प्रवक्ता झाका अनुसार अन्तर्वार्ता लिइएको उम्मेदवारको नतिजा सार्वजनिक, सिफारिस, विज्ञापन गरिएका लिखित परीक्षा, सम्बन्धित निकायसँग रिक्त रहेको दरबन्दी माग तथा विज्ञापन निकाल्ने लगायत काम अघि बढ्न नसकेको हो ।

आयोगकी एक मात्र सदस्य डा देवका अनुसार दुई जना पदाधिकारी भएमा मात्र निर्णय गर्नसक्ने कानुनी व्यवस्थाअनुसार आफू एक्लैले केही गर्न नसक्ने बताउनुभयो । मधेस प्रदेश सरकारलाई आयोगमा पदाधिकारी नियुक्तिका लागि पटकपटक लिखित तथा मौखिक जानकारी गराउँदा कुनै सुनवाइ नभएको उहाँले बताउनुभयो । लोकसेवा आयोग स्थापनाको पाँच वर्षमा हालसम्म विभिन्न एक हजार २२ पदको विज्ञापन आयोगले गरेको छ । जसमा कर्मचारी बढुवातर्फ तीन सय ७६ जना सिफारिस भएका छन् । खुलातर्फ छ सय ४६ जना कर्मचारी माग गरिएकोमा सबै प्रक्रिया पुरा गरेर छनोट भएका एक सय ८५ मात्र सिफारिस गर्न सकेको आयोगले जनाएको छ ।

प्रवक्ता झाका अनुसार आव २०७९/८० मा खुला विज्ञापनमार्फत बढुवा र खुला गरी उपसचिव नवौंदेखि सहायक चौथो तहमा दुई सय कर्मचारी पदपूर्ति गर्नुपर्ने आयोगको लक्ष्य रहेको थियो । आव २०८०/८१ मा एक सय १७ कर्मचारी भर्ना गनुपर्ने भए पनि आयोगले पदपूर्ति गर्न सकेको छैन । आव २०७९/८० मा नवौं तह उपसचिवमा बढुवाका लागि गरेको ११ पदका विज्ञापनमा प्रक्रिया पु-याएर तीन जना सिफारिस भइसकेका छन् भने आठ जनाको सिफारिस बाँकी रहेको छ ।

तत्कालीन मुख्यमन्त्री लालबावु राउतको कार्यकालमा प्रदेश लोकसेवा आयोग २०७६ भदौ ४ गते गठन भएको थियो ।

## प्रधानमन्त्री ओलीलाई विश्वासको मत दिने लोसपाको निर्णय



**काठमाडौं,** ३ असार : लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले प्रधानमन्त्री केपी शर्मा ओलीलाई विश्वासको मत दिने निर्णय गरेको छ । पार्टी अध्यक्ष महन्थ ठाकुरको अध्यक्षतामा बसेको संसदीय दलको बैठकले प्रधानमन्त्रीलाई विश्वासको मत दिने निर्णय गरेको सो पार्टीका प्रमुख सचेतक रामप्रकाश चौधरीले जानकारी दिनुभयो ।

वर्तमान सरकारलाई समर्थन गरेको लोसापका तर्फबाट नेता शरदसिंह भण्डारी श्रम तथा रोजगारमन्त्री हुनुहुन्छ । प्रतिनिधिसभामा लोसपाका चार सांसद हुनुहुन्छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको संविधान बमोजिम यही साउन ६ गते प्रतिनिधिसभामा विश्वासको मत लिनुहुने कार्यक्रम तय भएको छ । गत आइतबार राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ७६ (२) अनुसार ओलीलाई प्रधानमन्त्री नियुक्त गर्नुभएको थियो ।


प्रियान्सु पुस्तक पसल
गौर, रौतहट
हाम्रा सुविधाहरूः
१. यहाँ कक्षा १ देखि १२ सम्मका सामुदायिक (सरकारी) तथा संस्थागत (बोडीङ्ग) स्कुलका पुस्तकहरू पाइन्छ ।
२. त्रिभुवन विश्वविद्यालय अन्तरर्गत बि.एड., बि.बि.एस. र बि.ए. का पुस्तकहरू पाइन्छ ।
३. सिटीइभिटी अनतर्गतका एच.ए., डिप्लोमा अप कम्प्युटर, अमिन, भेटनरी, आइ.टी. जस्ता कार्यक्रमको पुस्तकहरू पाइन्छ ।
४. शिक्षक सेवा आयोग र लोक सेवा आयोग सित सम्बन्धित सबै पुस्तकहरू पाइन्छ ।
५. खेलकुदका सामग्री लगायत स्टेशनरी सम्बन्धि सम्पुर्ण सामग्रीहरू पाइन्छ ।
प्रोपाइटर
राधेश्याम पंडित (९८४५५२७३७०)


## मधेस सरकारले ल्याएको बजेटमा बिहिबार देखि काम सुरू



**जनकपुरधाम ।** मधेस सरकारले ल्याएको बजेटमा बिहिबारबाट कामकाज सुरु गर्नको लागि अख्तियारी दिएको छ । प्रदेश सरकारले चालू आर्थिक वर्ष २०८१/०८२ को बजेट खर्च गर्न अख्तियारी प्रदान गरेको हो ।

मुख्यमन्त्री सतिश सिंहले बिहीबार सबै मन्त्रालय, विभागीय प्रमुख तथा कर्मचारीहरूलाई बोलाएर सरकारले ल्याएको बजेट रकम खर्च गर्न निर्देशन दिएका हुन् । मुख्यमन्त्री सिंहले साउन २ गतेदेखि सरकारको बजेट खर्च गर्न अख्तियारी दिएका छन् ।

मन्त्रालयका कर्मचारी तथा प्रमुखहरूलाई १०/११ पेजको गाइड लाइनसहित काम गर्न अख्तियारी दिइएको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ । मुख्यमन्त्री सिंहले समयमा विकास निर्माण गर्नका लागि आफ्नो नेतृत्वको सरकारले बजेट खर्च गर्न अख्तियारी प्रदान गरेको जानकारी दिए ।

उनका अनुसार सुशासनका लागि बजेट खर्चको गर्न अख्तियारी दिइएको हो । बजेट खर्चको अख्तियारी समयमै नदिँदा विकास निर्माणसहितका काम गर्दा व्यापक गुनासाहरू आउने गरेको उनले सुनाए । यो पटक सबै प्रक्रिया चाँडै पूरा गरेर समयमै अख्तियारी प्रदान गरिएको समेत उनले बताए । उनले भने, 'जनताको गुनासा मात्रै होइन, यो वास्तविक विषय पनि हो । ढिलो गरी अख्तियारी जाँदा कर्मचारीहरूले काम गर्न पाउँदैनथे । अख्तियारी आएको छैन भन्दै पन्छिने काम हुन्थ्यो । त्यसकारण जनताको मर्म र भावना अनुसार यो पटक आर्थिक वर्ष सुरु भएसँगै काम गर्ने अख्तियारी प्रदान गरिएको हो ।'

यो पटक कुनै पनि कर्मचारीलाई जनताको सेवामा हेलचेक्र्याइँ गर्ने छुट नभएको उनको भनाइ छ । सरकारले अख्तियारी प्रदान गर्नका लागि साउन १ गते अर्थ विधेयक राजपत्रमा प्रकाशित गरेको थियो भने २ गते विनियोजन विधेयक प्रकाशित गरेको थियो ।

यी दुईवटै विधेयक प्रकाशित भएसँगै प्रदेश सरकारले ल्याएको बजेटमा बिहिबार देखि नै काम सुरु भएको छ । यस अघिका सरकारले आश्विन पछि बजेट रकम खर्च गर्न अख्तियारी दिने गरेको रेकर्ड छ ।

अघिल्लो वर्ष प्रदेश सरकारले आश्विनदेखि बजेट खर्च गर्न अख्तियारी प्रदान गरेको थियो । तर अहिले भने सरकारले २ महिना अगाडि नै सबै मन्त्रालय तथा सम्बन्धित विभागीय प्रमुखलाई बजेट खर्च गर्न अख्तियारी प्रदान गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिष्दको कार्यालयले जानकारी दिएको छ ।

प्रदेश सरकारले चालू आर्थिक वर्षको लागि ४३ अर्बभन्दा बढीको बजेट ल्याएको छ ।

# सिमलताल दुर्घटना : भौतिक पूर्वाधार मन्त्रालयद्वारा गठित समितिद्वारा स्थलगत अध्ययन

**चितवन,** ३ साउन (रासस) : नारायणगढ-मुग्लिन सडकखण्डको सिमलतालमा दुईवटा बस पहिराले बगाएपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गठन गरेको अध्ययन समितिले स्थलगत अध्ययन गरेको छ ।



मन्त्रालयले सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौँका प्रमुख ज्ञानेन्द्रकुमार झाको संयोजकत्वमा अध्ययन समिति गठन गरेको थियो । मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले असार ३० गते झाको संयोजकत्वमा सडक विभागको ट्राफिक सुरक्षा शाखा प्रमुख सिनियर डिभिजनल इञ्जिनियर प्रकाशचन्द्र भण्डारी र डिभिजन सडक कार्यालय भरतपुरका प्रमुख रमेशप्रसाद पौडेल सदस्य रहेको अध्ययन समिति बनाउनुभएको थियो ।

समितिलाई सात दिनभित्र प्रतिवेदन दिन भनिएको छ। सडकको अवस्था, सडक सुरक्षाको अवस्था, भौगर्भीक स्थिति, पहिरो जानुको सम्भावित कारण लगाएका विषयमा अध्ययन गरेर प्रतिवेदन पेस गर्न भनिएको हो। झाले स्थलगत अध्ययन सकिएको र तोकिएको समयभित्र प्रतिवेदन दिनका लागि तयारी गरिएको बताउनुभयो। सडकखण्डको प्राविधिक अध्ययन गरिएको छ ।

समितिका सदस्य पौडेलका अनुसार स्थलगत अध्ययनका क्रममा पहिरो खसेको माथिल्लो भूभागमा पुगेर सुक्ष्म अध्ययन गरिएको छ । सडकबाट नौ सय मिटरमाथि डाँडाबाट पहिरो झरेको हो । डाँडामा डुम्रे नामको ठाउँबाट सिन्धुली गढी भन्ने ठाउँसम्म खोलिएको सात सय मिटर लामो कच्ची सडकबाट पानी जम्मा भएर खोतल्दै पहिराको रुपमा तल झरेको अध्ययनबाट देखिएको छ। पौडेलले समग्र अजस्थाका बारेमा अध्ययन गरिएको र प्रतिवेदन बन्दै गरेको बताउनुभयो ।

डिभिजन सडक कार्यालयले वर्षात अघि गरेको अध्ययनमा सो सडकका २५ ठाउँलाई जोखिमपूर्ण मानेको थियो । जसमा पहिरो खसेको सिमलताल पर्दैन । पहिरो खसेसँगै सिमलताल र कालिखोलालाई थप गरी २७ ठाउँ जोखिमपूर्ण भनिएको छ । जसमध्ये नाम्सी, तुइनखोला र कालिखोला उच्च जोखिममा रहेका छन्। ती तीन ठाउँको एक सय ७० मिटर लामो भागलाई पहिरो रोकथामका लागि रु ५२ करोड खर्च हुने अनुमान सडक विभागमा डिभिजन सडक कार्यालयले पत्राचार गरेको थियो ।

गत असार २८ गते वीरगञ्जबाट काठमाडौँ जाँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स र काठमाडौँबाट गौर जान आउँदै गरेको बागमती प्रदेश ०३२४९५ ख ००१ नम्बरको गणपति डिलक्स बस सिमलतालमा खसेको पहिरासँगै बगेर त्रिशूली नदीमा बेपत्ता भएको थियो । उक्त बसमा सवार ६५ जनामध्ये तीन सकुशल निस्किएका थिए भने ६२ जना बेपत्ता भएका थिए । जसमध्ये २० जनाको शव फेला परेको छ ।

घटनापछि सोको अध्ययनका लागि गृह मन्त्रालयले गठन गरेको कार्यदलले स्थलगत अध्ययन गरिसकेको छ ।

# अवैध रकम खातामा जम्मा भए जानकारी दिन सिआइबीको आग्रह

**काठमाडौँ,** ३ साउन (रासस) : नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले अवैध 'च्यानल' को प्रयोग भई खातामा रकम जम्मा भएको पाइएकाले त्यसरी रकम आएको भए जानकारी दिन सर्वसाधारणमा आग्रह गरेको छ ।




अनुसन्धानका क्रममा विदेशी मुलुक जस्तै संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, अष्ट्रेलिया, अमेरिका, जापान, दक्षिण कोरिया, बेलायत लगायतका विभिन्न देशमा रहेका नेपाली नागरिकले विदेशमा आर्जनगरी पठाएको विप्रेषणबापतको रकम अवैध प्रक्रियाबाट आइरहेको र उक्त सकम एजेन्टले विदेशमा रहेका नेपालीको नेपालस्थित आफन्तको बैंक खातामा जम्मा गर्ने गरेको पाइएको भन्दै त्यस्तो भएको पाइए खबर गर्न अनुरोध गरिएको सिआइबीले जनाएको छ ।

विदेशमा रहेका नेपाली नागरिकबाट प्राप्त भएको विदेशी मुद्रा अवैध सुनको भुक्तानी, अनलाइन ठगी, सट्टेबाजी, मानव तस्करी, भ्रष्टाचार, गैरकानुनी सम्पत्तिको आर्जन, आतङ्कारी क्रियाकलापमा लगानी र अभौतिक मुद्रामा लगानी गर्ने साथै सोको हिसाबकिताब मिलान कार्यमा प्रयोग हुने गरेको पाइएको भन्दै यस्ता गैर कानुनी कार्यको हिस्सेदार नबन्न पनि अनुरोध गरिएको सिआइबीका प्रवक्ता प्रहरी उपरीक्षक होविन्द्र बोगटीले बताउनुभयो ।

यसरी रकम आएमा विदेशी मुद्राको सञ्चितिमा ह्रास, पुँजी पलायन, अनौपचारिक अर्थतन्त्रमा वृद्धि हुन गई अर्थतन्त्र धराशायी हुने, अर्थतन्त्रमा प्रतिकूल प्रभावपरी विकास निर्माणमा असर पर्ने, मूल्यमा अस्थिरता एवं उतार चढाव, लगानीको सुरक्षासम्बन्धी जोखिम बढ्दै जाने उहाँले बताउनुभयो ।

नेपाल बाहिर तथा नेपालमा रहेका सबै नेपाली नागरिकको उल्लिखित अवैध कारोबार रोक्न तथा निरुत्साहित गर्नका लागि सम्बन्धित निकायमा जानकारी गराउनु सर्वसाधरण नागरिकको कर्तव्य भएको सिआइबीले उल्लेख गरेको छ।

यसरी विदेशमा वा नेपालभित्र रही अवैध कारोबारमा संलग्न रहेको पाइएमा संलग्नउपर नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा मुलुकी अपराध संहिता, २०७४, सङ्गठित अपराध निवारण ऐन, २०७० लगायत प्रचलित कानुन बमोजिम कारबाही हुनसक्ने सिअआइबीले बिहिबार सार्वजनिक सूचना जारी गरी चेतावनीसमेत दिएको छ ।

सिआइबीले यसरी वैदेशिक रोजगार तथा अध्ययनको सिलसिला एवं विदेशमा स्थायी रूपमा बसोबास गरेका नेपाली नागरिकका नेपालमा रहेका आफन्तले प्राप्त गरेको रकम को-कसले बैंक खातामा जम्मा गरेको हो, त्यसको जिम्मेवारी स्वयं खातावालाको हुने भएकाले बैंक स्टेटमेन्ट जाँचगरी वैध प्रक्रियाबाट रकम आएको हो वा होइन रूजु गर्न र अवैध प्रक्रियाबाट निक्षेप भएको भए सम्बन्धित निकायमा वा यस प्रहरी कार्यालयमा जानकारी दिन सर्वसाधारण सबैमा अनुरोध गरेको छ ।

साथै त्यस्तो अवैध प्रक्रियाको हिस्सेदारी नबन्न, वैध प्रक्रियाबाट मात्र रकमको कारोबार गर्न र वैध भए नभएको सुनिश्चित गर्न सम्पूर्ण सर्वसाधारणमा आग्रह गरेको छ ।

# युएसएडद्वारा २४ वर्षमा करिब दुई खर्ब सहयोग

**काडमाडौँ,** ३ साउन (रासस): संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास सहयोग नियोग (युएसएड) ले सन् २००० देखि नेपालको विकासका लागि विभिन्न क्षेत्रमा रु एक खर्ब ९६ अर्ब सहयोग गरेको छ ।

युएसएडले नेपालको स्वास्थ्य, शिक्षा, पूर्वाधार, कृषि, आर्थिक वृद्धि, महिला तथा बालबालिकाको शसक्तिकरण, मानवीय सहायता, सुशासन, वातावरण, नागरिक समाज र सञ्चार का क्षेत्रमा डेढ अर्ब अमेरिकी डलर भन्दा बढी सहयोग प्रदान गरेको जनाएको छ ।

सन् २०२३ मा स्वास्थ्य, शिक्षा, र आर्थिक वृद्धिका कार्यक्रममार्फत १० लाखभन्दा बढी महिलाको जीवनमा प्रत्यक्ष योगदान पुर्‍याएको र थप ५० लाख महिला माझ अप्रत्यक्ष रुपमा आमसञ्चार माध्यमका अभियान लगायत गतिविधि पुगेको युएसएडको तथ्याङ्क छ ।

युएसएडद्वारा बिहिबार काठमाण्डौमा आयोजित सञ्चारकर्मीसँगको अन्तरक्रियामा कार्यवाहक मिसन निर्देशक बेथ होगनले युएसएडले नेपाल र नेपाली जनतासँग सात दशक लामो साझेदारीका क्रममा गरिएका सहयोग र योगदानबारे जानकारी गराउनुभएको थियो। साथै उहाँले नेपाल सरकारको आवश्यकता र प्राथमिकता अनुसार युएसएडले अनुदान सहयोग पु-याउँदै आएको उल्लेख गर्नुभयो ।

युएसएड अन्तर्राष्ट्रिय विकासको नेतृत्व गर्ने अमेरिकाको सरकारी निकाय हो । युएसएडले नेपाल लगायत सयभन्दा बढी मुलुकमा काम गर्दछ । युएसएड र नेपाल बीचको साझेदारी ६३ वर्षभन्दा लामो छ । युएसएडको सुरुवाती दिनदेखिको सहयोगका कारण दक्षिणी तराई क्षेत्रबाट मलेरिया उन्मूलन भएको, कुनै समय बसोबास गर्न नसकिने मुलुकका भूभागमा कृषि फस्टाउन योग्य भएको, साक्षरता बढेको, औसत आयु दोब्बर भएको, बाल मृत्युदर उल्लेखनीय रुपमा घटेको, शान्ति र लोकतन्त्रमा सहजीकरण भएको र कोभिड-१९ सङ्कटको समयमा खोप, आवश्यक सामग्री र प्राविधिक सहायता प्राप्त भएको युएसएडले जनाएको छ ।

युएसएडको नेपालस्थित कार्यालयका विभिन्न विभागीय अधिकारीहरुका अनुसार युएसएडले सन् २०२३ मा नेपालमा पाँच वर्ष मुनिका ११ लाखभन्दा बढी बालबालिकालाई पोषण सम्बन्धी कार्यक्रम मार्फत सहयोग गरेको, बाल विवाह र बालबालिकाको जबरजस्ती हुने विवाह कम गर्न र बालिकाका लागि शिक्षा प्रवर्द्धन गर्न दुई हजारभन्दा बढी सामुदायिक अगुवा तथा सरोकारवालाहरु समाधानका उपायमा संलग्न भएका थिए ।

यसै अवधिमा युएसएडको सहयोगमा किसान र उद्यमीले छ करोड ३० लाख अमेरिकी डलर मूल्यको कृषि उत्पादनको बिक्री गर्न सफल भएको जनाईएको छ । एक करोड २४ लाख व्यक्तिलाई मतदाता र नागरिक शिक्षा प्राप्ति गर्न सहयोग गरेको, नेपाल सरकारलाई दुई अर्ब ४० करोड अमेरिकी डलर मूल्य बराबरको एक हजार दुई सय मेगावाट विद्युत् उत्पादन गर्ने जलविद्युत् परियोजनालाई अन्तिम रुप दिन मद्दत गरिरहेको युएसएडले जनाएको छ ।

कार्यक्रममा नेपालस्थित अमेरिकी दूतावासका प्रवक्ता जेहरा नक्भीले द्विपक्षीय सम्बन्ध र सहयोगबारे धारणा व्यक्त गर्नुभएको थियो । यसैगरी युएसएड नेपालका लैङ्गिक तथा समावेशी विकास सल्लाहकार मञ्जु तुलाधर, विकास कार्यक्रम विशेषज्ञद्वय सुजन पिया र विश्वास राणा, ऊर्जा विशेषज्ञ शंकर खागी, शिक्षा विशेषज्ञ राजकुमार दुलाल, वरिष्ठ स्वास्थ्य सल्लाहकार जगनाथ शर्मा, प्राप्ति तथा सहायता विशेषज्ञद्वय चेतना घिमिरे र तेजेन्द्र पौडेल, वित्तीय विश्लेषक टेक पाण्डे, प्रमुख लेखापाल अपेक्षा श्रेष्ठलगायतले युएसएडले नेपालमा गरिरहेको सहयोग र सञ्चालित परियोजना बारे जानकारी गराउनुभएको थियो ।

# समानुपातिक प्रणालीलाई बलियो बनाउनुपर्नेमा सांसदहरूको जोड

**काठमाडौँ,** ३ साउन (रासस): संविधानको मर्मअनुरुप समानुपातिक प्रणालीलाई बलियो बनाउनुपर्नेमा सांसद तथा सरोकारवालाहरुको जोड रहेको छ। प्रतिनिधिसभाअन्तर्गत महिला तथा सामाजिक मामिला समितिको बिहिबार बसेको बैठकमा उहाँहरुले समानुपातिक समावेशीताको स्तर कमजोर भएकोमा चिन्ता व्यक्त गर्नुभयो ।



बैठकमा 'राज्यको मूलप्रवाहमा आदिवासी जनजाति समुदायको समावेशीताको अवस्था र यस सम्बन्धमा आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले खेल्दै आएको भूमिका' विषयक छलफल भएको थियो । उक्त छलफलमा आदिवासी जनजातिको सामाजिक, सांस्कृतिक र राजनीतिक अवस्थाबारे चर्चा गरिएको थियो ।

समितिका सभापति किरणकुमार साहले राज्यलाई समावेशी बनाउन सधैं एकमत रहेको बताउँदै आदिवासी जनजाति आयोगको अहम भूमिका रहने बताउनुभयो। आयोगले सरकार समक्ष सिफारिस गर्ने मात्रै नभई कार्यान्वयनसमेत गर्न जोड दिनुपर्ने उहाँले बताउनुभयो। बैठकमा आदिवासी जनजाति आयोग र आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको काम कारबाहीबारे प्रकाश पारिएको थियो ।

आयोगका सचिव नुरहरि खतिवडाले प्रतिवेदन प्रस्तुत गर्नुभयो। प्रतिष्ठानका योजना अधिकृत दिवस राईले प्रतिष्ठानको कार्य प्रगतिबारे जानकारी गराउनुभयो ।

आयोगका अध्यक्ष रामबहादुर थापाले विसं २०६३ देखि २०७९ सम्मको निर्वाचन समीक्षा गर्दा समानुपातिक समावेशीताको स्तर आरोलो लाग्ने क्रममा रहेको उल्लेख गर्नुभयो । आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा पनि विसं २०७४ को निर्वाचनपछि तीन प्रतिशतले समावेशीता घटेको उल्लेख छ।

"समावेशी भए जस्तो देखिन्छ, वास्तवमा तथ्याङ्क नियाल्ने हो भने पछिल्लो समय घट्दै गएको छ", उहाँले भन्नुभयो। प्रतिष्ठानका योजना अधिकृत राईले आदिवासी जनजातिको अवस्था उकास्न राज्यले अंश बनाएर पर्याप्त स्रोत नदिएको गुनासो गर्नुभयो ।

उहाँले सीमित स्रोतसाधनमा जनजाति समुदायको आर्थिक, सामाजिक, संस्कृति जोगाउन अर्थपूर्ण कार्यसम्पादन गरेको जिकिर गर्नुभयो । "आदिवासी जनजातिको जीवित सङ्ग्रहालय बनाउन प्रतिष्ठान लागि परेको छ", उहाँले भन्नुभयो, "भाषा, कला र साहित्य संस्कृति जर्गेनामा लगानी गरेको छ।" प्रतिष्ठानको अनुसन्धान तथ्याङ्कअनुसार राना थारु ६० र हुम्लीको सङ्ख्या ६१ पुगेको छ।

थप लोपोन्मुख जनजाति समुदायको खोजी र अनुसन्धान गर्न बाँकी रहेको राईले बताउनुभयो । आयोग र प्रतिष्ठानमा पर्याप्त बजेट अभावका कारण अनुसन्धानमूलक कार्य गर्न कठिन भएको उहाँको भनाइ थियो । आयोगले आदिवासी जनजातिको समस्या सम्बोधन गर्न आदिवासी जनजाति मन्त्रालय हुनुपर्ने मागसमेत राख्दै आएको छ ।

बैठकमा सांसदहरु माया राई, कल्पना मिया, सरस्वती बजिमय, ईश्वरबहादुर रिजाल, हर्कमाया विश्वकर्मा, शान्ती श्रेष्ठ, शोभा ज्ञवालीलगायतले आदिवासी जनजातिको उत्थानका विषयमा र समानुपातिक समावेशी राज्य बनाउने कुरामा जोड दिनुभएको थियो ।

गाउँ नगर टोल छर छिमेक सफा राखौं। प्रदुषणबाट हुने रोगबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं । - परोहा नपा रौतहट(जनहितमा जारी सन्देश)

## शिक्षा

# शिक्षकहरू आवद्ध ट्रेड युनियन खारेज गर्नु पर्छ : सांसद सिंह

**काठमाडौं** - स्वतन्त्र सांसद अमरेशकुमार सिंहले शिक्षकहरु आवद्ध ट्रेड युनियन खारेज गर्नु पर्ने प्रस्ताव गरेका छन्। विद्यालय शिक्षा विधेयक माथि जारी छलफलका क्रममा बिहीबार बोल्दै उनले उक्त प्रस्ताव गरेका हुन्।



'शिक्षाको गुणस्तर सुधार गर्ने हो भने शिक्षकको ट्रेड युनियन खारेज गर्नु पर्छ' उनले भने।

पछिल्लो समय राजनीतिक दल आवद्ध शिक्षकलाई दल त्याग गर्न शिक्षा मन्त्रालयले गरेको निर्देशन प्रति पक्ष विपक्षमा तर्कहरु सार्वजनिक भईरहेका बेला सांसद सिंहले ट्रेड युनियन समेत खारेज गर्नु पर्ने तर्क अघि सारेका हुन्।

यस्तै आन्दोलन गरेरै स्थायी भएका शिक्षककै कारण राज्यको शिक्षा फेल भएको उनले आरोप लगाएका छन्। राजनीतिमा लागेका शिक्षक र उनीहरुको भनसुनका कारण विद्यालय शिक्षा कमजोर भएको उनको तर्क छ।

'आन्दोलन गरेर र सडकमा सुतेकै आधारमा शिक्षकलाई स्थायी बनाएकै कारण एसईईमा ५२ प्रतिशत फेल भएको हो' उनले भने, 'यो विद्यार्थी फेल भएको होइन। राज्य फेल भएको हो।'

शिक्षालाई समाप्त गर्ने काममा जनप्रतिनिधिको पनि उत्तिकै भूमिका रहेको उनले बताए। नेताको छोराछोरी लिंकन, ब्रिटिस, युलेन्स स्कुलमा पढ्ने सर्वसाधरणको छोरा छोरी मात्रै सामुदायिकमा पढाउने गरेको उनले बताए। शिक्षक योग्य भन्दा पनि व्यवस्थापन समितिको मिलोमतोमा नक्कली सर्टिफिकेट लिएका व्यक्ति पनि नियुक्ति हुने गरेको उनको आरोप छ।

शिक्षकहरु आन्दोलन गर्ने र जुस खुवाएर स्थायी गर्ने परिपाटीले मुलुकको शिक्षा कमजोर भएको उनले बताए।

'यस्तो व्यवस्था नेपालमा मात्रै हुन्छ आन्दोनन गरेर मात्रै स्थायी गर्छौं' उनले भने, 'जहाँ जुस खान दिएर स्थायी गराइरहेको छ।'

दलहरुले राजनीति गर्न शिक्षकलाई प्रयोग भएको उनको जिकिर छ।

'जनता विदेश गएका छन्। अनि शिक्षकलाई राजनीति गर्न प्रयोग गरेका छौं' उनले भने, 'ट्रेड युनियनले देश बनाउँछ ? उनीहरुले नै देशको साशन प्रशासन बिग्रिएको छ।'

शिक्षकहरु योग्य नभएकै कारण एप्पल र क्यारोट लेख्न समेत नआउने उनले बताए।

'काँही नबिकेका व्यक्तिहरु झोले शिक्षक भएका छन' उनले भने,'उ आफैलाई पढ्न आउदैन भने उसले के पढाउँछ ?' (सभार: एजुकेशन खबर)

## स्वास्थ्य

# सरकारी अस्पतालमै शल्यक्रिया मार्फत सुत्केरी हुनेको संख्या बढ्दै

**काठमाडौं,** ३ साउन (रासस) : परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालमा शल्यक्रिया मार्फत् सुत्केरी हुनेको सङ्ख्या बढ्दै गएको छ। अस्पतालमा आर्थिक वर्ष २०७९/८०का तुलनामा आव २०८०/८१ मा चार प्रतिशत बढी शल्यक्रिया गरेर नवजात शिशु जन्माउने सुत्केरी बढेका हुन्। अस्पतालका निर्देशक डा श्रीप्रसाद अधिकारीका अनुसार आव २०८०/८१ मा ४३ प्रतिशत अर्थात् नौ हजार ६०० महिलाले शल्यक्रिया मार्फत् शिशु जन्माएका थिए। सो अवधिमा अस्पतालमा २२ हजार दुई सय ७० महिला सुत्केरी भएका थिए।



आव २०७९/८० मा ३९ प्रतिशत महिलाले शल्यक्रिया मार्फत् शिशु जन्माएका थिए। उहाँले पहिलो पटक शल्यक्रिया गरेर शिशु जन्माएका आमाले दोस्रो पटक शिशु जन्माउदा पनि शल्यक्रिया गर्नुपर्ने, निःसन्तान भएका र प्रशव पीडा खप्न नसक्ने आमाको शल्यक्रिया गरेर बच्चा जन्माउने गरेको बताउनुभयो। यस्तै ढिलो उमेरमा शिशु जन्माउँदा जोखिम हुने भएकाले पनि शल्यक्रिया गर्ने अवस्था आउने निर्देशक डा अधिकारीले बताउनुभयो।

उहाँले भन्नुभयो, "तर बिरामीको अवस्था अलि गम्भीर भयो भने मात्र शल्यक्रिया गरेर शिशु जन्माउँछौं।"अस्पतालका निर्देशक डा अधिकारीले जनशक्तिको अभावले पनि सामान्य तरिकाले सुत्केरी गराउन नसकिएको बताउनुभयो। "विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड अनुसार दुई जना बिरामी बराबर एक जना नर्स हुनुपर्दछ" उहाँले भन्नुभयो, "तर हामीकहाँ ४० बिरामी बराबर तीन नर्स कार्यरत छन्। त्यसैले हामीले जनशक्तिको अभावले पनि सामान्य तरिकाले सुत्केरी गराउन सकिरहेका छैनौं।"

उहाँका अनुसार पहिलो पटक गर्भवती भएकालाई व्यायाम गराउने, मानसिक र शारीरिक रुपमा बच्चा जन्माउनुपर्दछ भनेर परामर्श गर्ने, दुखाइरहित सामान्य प्रसूति गराउने जस्ता कार्य गर्नुपर्दछ। अस्पतालका कार्यकारी निर्देशक डा अधिकारीले अस्पतालले शल्यक्रियालाई भन्दा पनि सामान्य तरिकाले सुत्केरी गराउने प्रयासलाई उच्च प्राथमिता दिएको जानकारी दिनुभयो।

अस्पतालले दुई वर्षदेखि शिशु जन्माउदा अत्यधिक दुखाइ हुनेलाई दुखाईरहित सेवा प्रदान गर्ने उहाँको भनाइ छ। "शिशु जन्माउने क्रममा अत्यधिक दुखाइ भयो भने शल्यक्रियाको सट्टा दुखाई कम गराउने सेवा दिन्छौं" उहाँले भन्नुभयो, "यो सेवा दिनमा हामीले दुईदेखि तीन जनासम्मलाई मात्र दिनसक्छौं।"अस्पतालका दैनिक ६० देखि ७० सुत्केरी हुने र तीमध्ये २० देखि २५ जनाको शल्यक्रिया मार्फत् शिशु निकाल्ने गरिएको छ। नेपालमा मातृमृत्युदर एक लाखमा १५१ र बाल मृत्युदर एक हजार मा २१ जनाको रहेको छ।

## अर्थ

# शेयर बजारमा उछाल

**काठमाडौं,** ३ साउन (रासस) : धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज झण्डै ६० अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ५९ दशमलव ६८ प्रतिशतले उकालो लागेर दुई हजार चार सय २४ दशमलव ३२ मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १६ दशमलव ३७ अङ्कले उकालो लागेर चार सय ३६ दशमलव १४ मा पुगेको छ।



नेप्सेका अनुसार कुल तीन करोड ९९ लाख ३८ हजार दुई सय ३७ कित्ता शेयर रु १८ अर्ब ५४ करोड ८८ लाख सात सय ३८ मा कारोबार भयो। नेपाल इन्भेष्टमेन्ट मेघा बैंक, नेपाल फाइनान्स लिमिटेड, आँखुखोला जलविद्युत कम्पनी, उपकार लघुवित्त वित्तिय संस्था तथा थ्रि स्टार हाइड्रोपावर कम्पनीको शेयर मूल्यमा दश प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो। यस्तै, कुमारी सबल योजना पाँच दशमलव ७६, सिन्धु विकास बैंक चार दशमलव ५७, गुहेश्वरी मर्चेन्ट चार दशमलव २२, एनसिसी डिवेञ्चर तीन दशमलव ९३ र श्री इनभेष्टमेन्ट फाइनान्स कम्पनीका लगानीकर्ताले तीन दशमलव ९० प्रतिशतले गुमाए।

## खेल

# दक्षिण एसियाली करातेमा नेपाललाई स्वर्ण

**काठमाडौं,** ३ साउन (रासस): भुटानको थिम्पूमा आजदेखि सुरु आठौं दक्षिण एसियाली कराते प्रतियोगितामा नेपाललाई आठ स्वर्ण प्राप्त भएको छ।



प्रतियोगिताको पहिलो दिन नेपाललाई स्वर्ण दिलाउन सफल खेलाडीहरु सिनियर महिला एकल कातातर्फ एलिसा रास्कोटी मगर, पुरुष एकल कातामा स्वर्णिम मानन्धर र महिला-२१ वर्षतर्फ सन्जु देशार र पुरुष क्याडेटतर्फ रेहान जावेद रहे।

एलिसाले सेमिफाइनलमा भुटान र फाइनलमा भारतलाई पराजित गरिन् भने स्वर्णिमले सेमिफाइनलमा श्रीलङ्का र फाइनलमा भारतलाई पराजित गरेका थिए।

सन्जुले फाइनलमा भुटानलाई पराजित गरिन् भने रेहानले भारतलाई पराजित गरी नेपाललाई स्वर्ण पदक दिलाए। त्यसैगरी जुनियर पुरुष कातातर्फ भने नेपालका अमृत थोकर भारतसँग पराजित हुन पुगे र जुनियरतर्फ महिला एकल कातामा फाइनलमा श्रीलङ्कासँग पराजित भई नेपालकी रेनिशा रिमालले रजत पदकमा चित्त बुझाइन।

त्यसैगरी सिनियर महिला र पुरुष टिम काता, जुनियर महिला तथा पुरुष टिम कातामा स्वर्ण पदक हात पारेको नेपाल कराते महासङ्घका मिडिया संयोजक गजेन्द्रबहादुर खपाङ्गीले जानकारी गराउनुभयो।

यसअघि प्रतियोगिताको औपचारिक उद्घाटन भुटानका राजकुमार टासु जिगेलले एक विशेष समारोहका बीच गर्नुभएको थियो।

भुटानसहित नेपाल, भारत र श्रीलङ्का सहभागी रहेको उक्त प्रतियोगिताको उद्घाटन समारोहमा नेपालका तर्फबाट नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठ, नेपाल कराते महासङ्घका अध्यक्ष युवराज लामा, महासचिव दावा गुरुङ, उपाध्यक्ष मजिन्द्र सिंह, महासङ्घका सदस्यहरु, वरिष्ठ प्रशिक्षकहरु, टिम प्रशिक्षकहरु, पदाधिकारीलगायत करिब एक दर्जन अफिसियलको सहभागी रहेको प्रवक्ता गजेन्द्रबहादुर खपाङगीले जानकारी दिनुभयो।

रमणिय वातावरण भएको रौतहट जिल्लाको एक मात्र सुविधा सम्पन्न होटल
तराई इन होटल
इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको अगाडी
हाम्रा सेवाहरु
चपुर भ्यु प्वाइन्ट, रुफटप रेस्टुरेन्ट, सेल्फी प्वाइन्ट, स्टेज प्रोग्राम, वर्थडे, एनिभरसरीका लागि लिफ्टको सुविधा भएको, सरकारी तथा गैर सरकारी संस्थाका लागि कार्यक्रम गर्न हलहरूको प्रयाप्त सुविधा भएको।
अत: सेवाको लागि हामीलाई सम्झनुहोस।
सम्पर्क नं. ०५५-५४०६००, ०५५-५४०७५५ र ९८०२०९२८७०४

PAN No: 103795269
Regd.No:10610/1210/312/53
STAR COMPUTER INSTITUTE
Gaur-2, Rautahat
Star Computer Institute
Gaur-2, Rautahat
Our Motto : Computer Education to all
OUR COURSES
All Computer Courses ( 8-12)
3- Month Basic Computer Training (BCT)
6-Month Computer Training ( DCA)
12 - Month Compuer Training (ADCA)
Web and Graphic Design
Accounting Package ( Tally)
E-mail and Internet
Online form and Services
ADMISSION OPEN
LIMITED SEATS
Contact : Dharmendra Sah-9845040725

# धनुषा र महोत्तरीमा मल अभाव छैन'



**जनकपुरधाम,** ३ साउनः धनुषा तथा महोत्तरीमा रासायनिक मल अभाव नरहेको कृषि सामग्री कम्पनी लिमिटेडले जनाएको छ ।

उक्त कार्यालयका प्रमुख बेचनकुमार साहका अनुसार मलको पर्याप्त मौज्दात रहेको तथा सहकारी संस्थामार्फतढुवानी तथा बिक्री वितरण भइरहेको छ ।

दुवै जिल्लामा सम्बन्धित नगरपालिका तथा गाउँपालिकाले निर्धारण गरेको 'कोटा'अन्तर्गत सहकारी संस्थामार्फत मल बिक्रीवितरण हुने प्रावधान छ । सोहीअनुसार मल वितरण गरेको उहाँले जानकारी दिनुभयो । हाल युरिया नौ सय मेट्रिक टन, डिएपी मल ८४ मेट्रिक टन तथा पोटास ५८ मेट्रिक टन मौज्दात छ ।

कृषि सामग्री कम्पनीबाट धनुषा र महोत्तरीका २७ पालिका अन्तर्गत दुईसय नौवटा सहकारी संस्थामार्फत मल बिक्री भइरहेको छ । भारतसँग सीमा जोडिएका पालिकाका किसानले भने भारतीय बजारबाट मल खरिद गर्ने गरेको किसानले जनाएका छन् ।

आर्थिक वर्ष २०८०/८१ मा रु ३५ करोड ४० लाख ८३ हजारको १२ हजार चार सय मेट्रिक टन मल बिक्री गरेको जनाएको छ । उक्त आवमा रु ११ करोड ५५ लाख ४१ हजारको ९२ दशमलव ५५ मेट्रिक टन युरिया, रु २३ करोड ७८ लाखको एक सय ५० मेट्रिक टन डिएपी तथा रु ७० लाख ८४ हजारको पाँच हजार ९६ मेट्रिक टन पोटास र रु छ लाख ७२ हजार मूल्य बराबरको ८४ मेट्रिक टन चुन बिक्री भएको छ ।

धनुषामा ४२ हजार हेक्टरमा धानखेती हुँदै आएको तथा हालसम्म ७० प्रतिशत रोपाइँ भएको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ ।

# 'सुर्तीजन्य पदार्थमा कर वृद्धि गर्न सकिएन'



**काठमाडौँ,** ३ असार (रासस): उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सुर्तीजन्य पदार्थमा कर वृद्धि गर्न नसकिएको बताउनुभएको छ ।

प्रतिनिधिसभाअन्तर्गत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बिहिबार बसेको बैठकमा उहाँले भन्नुभयो, "अरु मुलुकमा सुर्तीजन्य पदार्थमा ७५ प्रतिशतभन्दा माथि कर लगाएका छन् तर हामीले ती मुलुकका अभ्यास अवलम्बन गर्न सकेका छैनौँ । सुर्तीजन्य पदार्थको प्रयोगले स्वास्थ्यमा असर गर्ने भएकाले यसलाई निरुत्साहित गर्न जरुरी छ । यसलाई विशेष प्राथमिकताका साथ न्यूनीकरण गर्न राज्यको नीति आवश्यक छ ।"

सुर्ती, खैनी तथा गुट्खा उद्योगको पुँजी तथा क्षमता वृद्धि सम्बन्धमा भएको छलफलमा मन्त्री भण्डारीले सुर्तीजन्य उद्योगले रोजगारी दिइरहेको, यस क्षेत्रबाट राजस्व बढी प्राप्त भएकाले तत्काल उद्योग बन्द गर्न नसकिए तापनि यसको प्रयोग कम गर्न सचेतना तथा कर वृद्धि गर्न सकिने बताउनुभयो ।

समितिको बैठकमा चिनी उद्योग तथा उखु किसानका समस्या समाधान सुझाव उपसमितिका संयोजक कृष्णकुमार श्रेष्ठले प्रतिवेदन पेस गर्नुभयो । त्यसैगरी स्पन्ज आइरन, विलेट्सको भन्सार महशुल, अन्तःशुल्क तथा उद्योगको अध्ययन अनुगमन उपसमितिका संयोजक रेखा यादवले प्रारम्भिक प्रतिवेदन पेस गर्नुभयो ।

समितिले नेपालमा खैनी, गुट्खाजस्ता सुर्तीजन्य उद्योगलाई आवश्यक कच्चापदार्थ आयात तथा निर्यातको विवरण आपूर्ति मन्त्रालयबाट माग्ने निर्णय भएको समितिका सभापति अब्दुल खानले जानकारी गराउनुभयो ।

चुरोटमा प्रयोग हुने फ्लेभर, क्याप्सुल तथा ट्याबलेटजस्ता नसालु पदार्थका कारण क्यान्सर जस्तो गम्भीर रोग लाग्ने भएकाले यस्ता पदार्थको उत्पादन, आयात तथा प्रयोग निरुत्साहित गर्न आपूर्ति मन्त्रालयलाई निर्देशन दिने, नेपालमा आयात हुने सुपारीलाई 'काउन्टर भ्यालिङ ट्याक्स' लगाइ सोबापतको रकम किसानलाई प्रोत्साहनस्वरुप उपलब्ध गराउन अर्थ मन्त्रालयलाई निर्देशन दिने निर्णय समितिले गरेको छ ।

झापा, सुनसरी र मोरङको स्थलगत अनुगमनपश्चात् पेस गरिएको प्रतिवेदन परिमार्जनसहित सर्वसम्मतिले पारित गर्ने, चिनी उद्योग तथा उखु किसानका समस्या समाधान सुझाव उपसमितिको प्रतिवेदन पारित गर्ने निर्णय बैठकले गरेको छ ।




## अन्तर्राष्ट्रिय

# भारतको इन्फोसिसको नाफा अनुमानभन्दा बढी




**बेङ्गलुरु** (भारत), ३ साउन (रासस/एएफपी) :भारतीय आइटी (सूचना प्रविधि) कम्पनी इन्फोसिसले जुनमा समाप्त हुने त्रैमासिकमा शुद्ध मुनाफामा सात दशमलव एक प्रतिशतको वार्षिक वृद्धि हासिल गरेको छ । यसले ग्राहक खर्चमा क्रमिक पुनरुत्थानको सङ्केत गरेको छ ।

भारतको दोस्रो सबैभन्दा ठूलो सफ्टवेयर सेवा निर्यातक इन्फोसिसले आफ्नो राजस्वको ८० प्रतिशतभन्दा बढी पश्चिमी बजारहरूबाट कमाउँछ ।

विशेषज्ञ अनुमानहरूलाई पछि पार्दै कम्पनीले यस त्रैमासिकमा ७६ करोड १३ लाख डलरको शुद्ध मुनाफा कमाएको छ । वार्षिक राजस्व तीन दशमलव छ प्रतिशतले बढेर चार अर्ब ७० करोड डलर पुगेको छ ।

इन्फोसिसले चालु आर्थिक वर्षका लागि स्थिर-मुद्रा राजस्व निर्देशनलाई तीनदेखि चार प्रतिशतसम्म बढाएको छ । यो यसअघिको एकदेखि तीन प्रतिशतको पूर्वानुमानभन्दा बढी हो ।

"सबै भूगोल र अधिकांश उद्योग समूह क्रमिकरूपमा बढेका छन्", कम्पनीका प्रमुख कार्यकारी सलिल पारेखले पत्रकारहरूसँग भन्नुभयो, "धेरै त्रैमासिकपछि भोल्युम वृद्धि सकारात्मक भएको छ, हामीसँग ठूला सम्झौता जितहरूको अर्को बलियो त्रैमासिक थियो, यसमा चार अर्ब १० करोड डलरको कूल अनुबन्ध मूल्यमा ३४ वठा ठूला सम्झौता थिए ।"

उहाँले इन्फोसिसले संयुक्त राज्य अमरिकामा आफ्नो वित्तीय सेवा शाखाका लागि 'सुधारको सुरआती सङ्केत' देखिरहेको बताउनुभयो ।

महामारीका कारण मागमा भएको उछाल देखेलगत्तै मुद्रास्फीति र विश्वव्यापी अनिश्चितताले पश्चिमी ग्राहकहरूले प्रविधि खर्चमा कटौती गर्नुपरेपछि भारतको दुई खर्ब ५४ अर्ब डलरको आइटी क्षेत्रको हिस्सा इन्फोसिसले द्रुत वृद्धिमा मन्दीको सामना गर्नुपर्यो ।

मन्दीले आइटी क्षेत्रमा निर्भर हजारौँ भारतीय युवा इन्जिनियर स्नातकहरूको नोकरीको सम्भावनालाई कमजोर बनायो । तीन लाखभन्दा धेरै कर्मचारी भएको इन्फोसिसले गत वर्ष ग्राहकहरूको माग घटेका कारण क्याम्पस हायरिङलाई अस्थायीरूपमा रोकेको थियो ।

मार्च ३१ सम्मको १२ महिनामा कम्पनीको कूल कर्मचारीको सङ्ख्यामा करिब २६ हजारले घटेको छ। ग्राहकको माग बढ्नेबारे आफ्नो उत्साहित आकलनका बाबजुद कम्पनीले जुनमा समाप्त हुने त्रैमासिकमा करिब दुई हजार कर्मचारी कटौती गरेको छ ।

आम्दानीको घोषणाअघि बिहीबार मुम्बईमा कारोबारको अन्त्यमा इन्फोसिसको सेयर एक दशमलव ८५ प्रतिशतले बढेर बन्द भएको छ ।

# समलिङ्गी दम्पतिहरूका लागि वैवाहिक बिमा सम्बन्धी अधिकार सुनिश्चित




**सियोल,** ३ साउन (रासस / एएफपी): दक्षिण कोरियाको सर्वोच्च अदालतले बिहीबार समलिङ्गी जोडीहरूको नयाँ अधिकारलाई मान्यता दिँदै राज्यले समलिङ्गी दम्पतिहरुलाई स्वास्थ्य बिमा उपलब्ध गराउनुपर्ने ऐतिहासिक फैसला सुनाएको छ ।

सन् २०२१ मा राष्ट्रिय स्वास्थ्य बीमा संस्था (एनएचआईएस) ले समलिङ्गी जोडी भएकै कारण आश्रितको रुपमा आफ्नो जीवनसाथीले प्राप्त गर्ने लाभहरु समाप्त गरेपछि सन् २०१९ मा विवाह गरेर सँगै बस्दै आएका एक समलिङ्गी जोडी सो सेओङ-वुक र किम योङ-मिनले संस्था विरुद्ध मुद्दा दायर गरेका थिए ।

गत वर्षको सियोल उच्च अदालतले एनएचआईएसलाई उनीहरुको आश्रित लाभहरू पुनर्स्थापित गर्न आदेश दिँदै दम्पतीको पक्षमा फैसला सुनाएको थियो। समलिङ्गी विवाहलाई मान्यता नदिएको दक्षिण कोरियामा यो विवाहको कुनै कानुनी वैधता भने छैन ।

उच्च अदालतको यस फैसला विरुद्ध एनएचआईएसले सर्वोच्च अदालतमा पुनरावेदन दायर गरेको हो ।

"समलिङ्गी भएकै कारण जोडीहरुलाई बहिष्कार गर्नु यौनिक एवं लैङ्गिकतामा आधारित भेदभाव हो", सर्वोच्च अदालतले फैसला सुनाएको छ । "यो एक भेदभावपूर्ण कार्य हो जसले मानव गरिमा र मूल्यमान्यता, खुशीको खोजी गर्ने अधिकार, गोपनीयताको स्वतन्त्रता र समानताको अधिकारको उल्लङ्घन गर्दछ ।"

"राष्ट्रिय स्वास्थ्य बीमाले समलिङ्गी जोडीहरूका लागि वैवाहिक बिमा सम्बन्धी व्यवस्थालाई मान्यता दिनुपर्छ", सर्वोच्च अदालतले फैसला सुनाएको हो ।

देशको सर्वोच्च अदालतबाट आएको यो फैसलामाथि पुनरावेदन गर्न मिल्दैन । यसको अर्थ समलिङ्गी दम्पतिले अब स्वास्थ्य बीमा गर्दा आफ्नो जीवनसाथीलाई आश्रितको रूपमा दर्ता गर्न सक्नेछन ।

सर्वोच्च अदालतको फैसला देशको लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका लागि एक महत्वपूर्ण क्षण हो । सर्वोच्चको उक्त फैसला पश्चात इन्द्रेणी छाता बोकेका मानिसहरू खुशीका आँसु पुछ्दै अदालत बाहिर निस्किएका थिए।

देशले समलिङ्गी विवाहलाई मान्यता दिदैँन तर समलिङ्गी सम्बन्धलाई अपराधीकरण पनि गरेको छैन ।

अधिकारकर्मीहरुले लामो समयदेखि यौनिक एवं लैङ्गिकता आधारमा हुने भेदभावविरुद्ध कानुन बनाउनुपर्ने कुरामा जोड दिँदै आएका छन्। तर सांसदहरू बीच सहमति हुन नसक्दा दक्षिण कोरियामा हालसम्म भेदभाव विरोधी कानून बन्न सकेको छैन ।

**बालविबाह कानूनी र सामाजिक अपराध हो ।**

*बीस बर्ष नपुगि विवाह नगरौं र नगराऊ*

**उमेर नपुगि गरेको वा गराइएको विवाह कानूनी अपराध हो ।**

त्यस्तो अपराध गर्नेलाई जरीवाना वा कैद वा दुवै सजाय हुन सक्नेछन् ।

गौर नगरपालिका,
गौर , रौतहट

प्रकाशक : शिला कुमारी । कार्यालय : गौर नगरपालिका वडा नं. ३, रौतहट । इमेल : madhesabhumi@gmail.com, सम्पर्क : ९८४५४९६२८२ /९८१९२३२७६४ । सम्पादक : सुरेश कुमार वर्मा ।
कानुनी सल्लाहाकार : अधिवक्ता मनोज कुमार निधि